# जनता समाजवादी पार्टी, नेपाल
PEOPLE'S SOCIALIST PARTY, NEPAL
केन्द्रीय कार्यालय, बालकुमारी, ललितपुर


प. सं. :२०८२/०८३
च. नं. :४३

२६ कार्तिक, २०८२

श्री केन्द्रीय कार्यकारिणी समिति सदस्यहरू/
केन्द्रीय समिति सदस्यहरू/प्रदेश समिति/ विशष प्रदेश समिति/पहिचानमा आधारित राष्ट्रिय समितिहरू/ जिल्ला समिति/ विशेष जिल्ला समिति/ पालिका समिति/भ्रातृ/ जनबर्गीय सङ्गठनका केन्द्रीय समितिहरू ।

## विषय : परिपत्र

मिति २०८२ साल कार्तिक १९ र २० गते जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय समितिको बैठक ललितपुर सानाउँ स्थित थसी ब्याङक्वेटमा पार्टी अध्यक्ष श्री उपेन्द्र यादवज्यूको अध्यक्षतामा बस्यो । उक्त बैठकका कार्यसूची र निर्णयहरू निम्नानुसार रहेका छन् । उक्त निर्णयहरूलाई कार्यान्वयन गर्न/गराउन पार्टी परिपत्रको रूपमा यो निर्देशन जारी गरिन्छ ।

### बैठकका कार्यसूचीहरू

१. राजनीतिक प्रतिवेदन तथा प्रस्तावहरू प्रस्तुत गर्ने ।
२. सङ्गठनात्मक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।
३. आर्थिक प्रतिवेदन/लेखा आयोगको प्रतिवेदन प्रस्तुत गर्ने ।
४. केन्द्रीय समितिका सदस्यहरूको कार्यविभाजन एवं जिम्मेवारी सम्बन्धमा ।
५. विविध ।
    १. निर्वाचन आयोगमा दल दर्ता सम्बन्धमा ।
    २. छानवीन समिति सम्बन्धमा ।
    ३. केन्द्रीय समिति र सल्लाहकार समितिमा सदस्यहरू थप गर्ने सम्बन्धमा ।

उपरोक्त कार्यसूचीहरूमाथि छलफल गरी निम्नानुसारका निर्णयहरू गरियो ।

### निर्णयहरू

१. कार्यसूची नं. १ मा रहेको प्रस्तावमा छलफल गरी 'नेपालको वर्तमान राजनीतिक परिस्थिति र जसपा, नेपालको दृष्टिकोण एवम् कार्यदिशाका सम्बन्धमा राजनीतिक प्रतिवेदन र प्रस्तावहरू' पार्टी अध्यक्ष उपेन्द्र यादवद्वारा प्रस्तुत गरियो । उक्त प्रतिवेदन र प्रस्तावहरू परिमार्जनसहित केन्द्रीय समितिबाट पारित गरियो ।

२. कार्यसूची नं. २ मा रहेको प्रस्तावमा छलफल गरी, महासचिव लालबाबु राउतद्वारा सङ्गठनात्मक प्रगति प्रतिवेदन प्रस्तुत गरियो । सम्पूर्ण केन्द्रीय समितिका सदस्यहरूकोसमेत कार्य विभाजन एवम्



Phone: +977-01-5186392, Email: jasapanepal2077@gmail.com, Website : jspnepal.org

जिम्मेवारी बाँडफाँड सहितको सङ्गठनात्मक प्रतिवेदन तयार पारी पुन: अर्को बैठकमा प्रस्तुत गर्ने । केन्द्रीय सदस्यहरूको कार्यविभाजन गर्दा सङ्गठन, सङ्घर्ष, प्रशिक्षण र निर्वाचनसमेतलाई ध्यानमा राखेर गर्न निर्देशन दिने निर्णय गरियो ।

३. कार्यसूनी नं. ३ मा रहेको प्रस्तावमा छलफल गर्दा, केन्द्रीय लेखा परिक्षण आयोगका अध्यक्ष श्री आङ्देण्डी शोर्पाद्वारा लेखा आयोगको बार्षिक प्रतिवेदन र अभिलेख प्रतिवेदन प्रस्तुत गरियो । केन्द्रीय समितिमा छलफल पश्चात् उक्त प्रतिवेदनहरू पारित गरियो । त्यसैगरी, पार्टीका केन्द्रीय कोषाध्यक्ष मा. सुरिता साहद्वारा आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ आय-व्यय सम्बन्धित आर्थिक प्रतिवेदन प्रस्तुत गरियो । उक्त आर्थिक प्रतिवेदन केन्द्रीय समितिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४. कार्यसूची नं. ४ मा रहेको प्रस्तावमा छलफल गर्दा, केन्द्रीय समितिका सदस्यहरूको कार्यविभाजन एवं जिम्मेवारी बाँडफाँड सम्बन्धी प्रस्ताव तयार गर्न पार्टी सङ्गठन विभागलाई नै जिम्मेवारी दिने निर्णय गरियो ।

५. कार्यसूची नं. ५ (१) मा छलफल गर्दा, २०८२ सालमा हुँने राष्ट्रिय सभाको निर्वाचन र २०८२ साल फाल्गुण २१ गते हुँने प्रतिनिधि सभा सदस्यहरूको निर्वाचन प्रयोजनको लागि जनता समाजवादी पार्टी, नेपाल निर्वाचन आयोगमा दल दर्ता गराउने निर्णय गरियो ।

६ . कार्यसूची नं. ५ (२) मा छलफल गर्दा, मधेश प्रदेश अधिवेशन २०८२ साल असोज २८-३० गतेसम्म जनकपुरमा आयोजना गरिएको थियो । उक्त अधिवेशनका सम्बन्धमा विवाद उत्पन्न भई पार्टीमा उजुरी परेको हुँनाले सोको सम्बन्धमा आवश्यक छानबीन गरी समस्या समाधानका लागि पार्टीलाई सुझाव दिन मा. प्रकाश अधिकारीको संयोजकत्वमा, मा. मनिष कुमार सुमन, मा. राजकुमार गुप्ता, श्री राजकुमार राई र अधिवक्ता विरेन्द्र ठाकुर सदस्य रहने गरी मिति २०८२ कार्तिक १६-१७ गते बसेको पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले छानबीन तथा सुझाव कार्यदल गठन गरिएको थियो । उक्त कार्यदललाई अनुमोदन गर्दै आजको मिति देखि लागूहुने गरी दुई महिनासम्मको कार्य अवधि तोक्ने निर्णय गरियो । उक्त कार्यदललाई छानबीन गर्नका लागि आवश्यक सहयोग गर्न सम्बन्धीत् पार्टी सदस्यहरूलाई अनुरोध गरिन्छ ।

७. कार्यसूची नं. ५ (३) मा छलफल गर्दा, विभिन्न पार्टी परित्याग गरी जसपा, नेपालमा प्रवेश गर्नु भएका पार्टी सदस्यहरू र पार्टी भित्रै कार्यरत रहेका केही सदस्यहरूलाई केन्द्रीय समिति र सल्लाहकार समिति सदस्यको रूपमा मनोनयन गर्ने निर्णय गरियो । जो यस प्रकार रहेका छन् ।

**केन्द्रीय समितिमा मनोनयन गरिएका सदस्यहरू**

१. सत्यनारायण यादव - सिरहा
२. पदम अर्याल - बाँके
३. रेखा गुप्ता - बाँके
४. विद्या यादव - रूपन्देही
५. विमल साह - धनुषा

**सल्लाहकार समितिमा मनोनयन गरिएका सदस्यहरू**

१. खडगनारायण चौधरी - सिरहा
२. विष्णु कुमाल - नेपालगञ्ज
३. अजय कुमार श्रीवास्ताव - बाँके
४. शशी यादव - सप्तरी

५. जीतेन्द्र प्रकाश महतो - सिरहा

६. मनोज साह - सप्तरी

साथै केन्द्रीय सल्लाहकार समितिको अध्यक्षमा **प्रा.डा.रामस्वारथ यादव**लाई मनोनयन गर्ने निर्णय गरियो ।

*२०८२ साल कार्तिक १९ र २० गते जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय समिति बैठकमा प्रस्तुत गरिएको राजनीतिक प्रतिवेदन*

## नेपालको वर्तमान राजनीतिक परिस्थिति र जसपा, नेपालको दृष्टिकोण एवम् कार्यदिशा

१. नेपालको इतिहासमा धेरै महत्वपूर्ण राजनीतिक परिवर्तनहरू भएका छन् । गोरखा राज्य विस्तारको अभियान (सन् १७४३-१७७५) का दौरान पृथ्वीनारायण शाहले स-साना राज्यहरू कब्जा गरी शाहवंशीय निरङ्कुशतन्त्र (सन् १७६८-१८४६) कायम गरे । जंगबहादुर राणाले कोतपर्व पछि सत्ता कब्जा गरी राणा परिवारको वंशाणुगत राणाशासन अर्थात् कुलीनतन्त्र (सन् १८४६-१९५१) स्थापना गरे, जसले करिब १०४ वर्षसम्म नेपालमा शासन गऱ्यो । सन् १९५१ मा भएको क्रान्तिपछि राणाशासनको अन्त्य भयो र नेपालमा पहिलो पटक प्रजातन्त्रको सुरूवात भयो । राजा महेन्द्रले जनताद्वारा निर्वाचित सरकारलाई सैन्य शक्तिको बलमा अपदस्थ गरी, संसद भङ्ग गर्दै पार्टीमाथि प्रतिबन्ध लगाई निरङ्कुश निर्दलीय तानाशाही पञ्चायती व्यवस्था (सन् १९६०-१९९०) लागू गरे । जनआन्दोलन (सन् १९९०) पछि पञ्चायती व्यवस्था समाप्त भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापना भए । १० वर्षसम्म भएको माओवादी जनयुद्ध (सन् १९९६-२००६) र दोस्रो जनआन्दोलन (अप्रिल २००६) पछि संसद पुनरस्थापना भयो । २०६४ साल फाल्गुण १६ गते, नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच सम्पन्न सम्झौतामा "मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको सङ्घीय संरचनाको आकाङ्क्षालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । प्रदेशहरू पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् ।" भनी उल्लेख गरिएका छन् । नेपाली जनआन्दोलन, जनसङ्घर्ष र क्रान्तिको इतिहासमा सन् २००७-२००८ को ऐतिहासिक मधेश जनविद्रोहबाट संघीय लोकतान्त्रिक प्रणालीको स्थापना, पहिलो संविधानसभाबाट राजतन्त्रात्मक व्यवस्थालाई अन्त्य गरी गणतन्त्रको घोषणा जस्ता ऐतिहासिक परिवर्तनहरू भए । सन् २००८ मा राजतन्त्रात्मक प्रणालीलाई अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको स्थापना गरिए तापनि आजसम्म सम्पूर्ण राजनीतिक शक्ति, सैन्यशक्ति, आर्थिक स्रोत-साधन र राजकीय सेवा एवं अवसरहरूमा परम्परागत रूपले कायम रहेको एकल जातीय आधिपत्य तथा प्रभुत्व यथावत नै रहे, यसमा खासै कुनै परिवर्तन हुन सकेन । बहुजातीय/राष्ट्रिय, बहुधार्मिक, बहुसाँस्कृतिक,



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

बहुभाषिक, विविधतायुक्त, नेपालमा एउटै भाषा, एउटै संस्कृति, एउटै जात, जातिको वर्चस्व निरन्तर रूपमा रहँदै आएको छ । मधेशी, आदिवासी जनजाति, दलित, पिछडावर्ग, थारू, महिला, खस, मुस्लिमलगायत अल्पसङ्ख्यक समुदायहरूमाथि कायम रहेको आन्तरिक औपनिवेशीकरणको नीति तथा सीमान्तीकरण र बहिष्करणको अवस्थामा अझसम्म परिवर्तन आउन सकेको छैन । उनीहरू बिना भेदभाव पूर्णरूपमा राष्ट्रिय राजनीति, आर्थिक विकास एवं राष्ट्र निर्माण र आधुनिकीकरणको प्रक्रियामा अझै सहभागी हुन सकेका छैनन् ।

२. आज बहुदलीय व्यवस्था स्थापना भएको लगभग ३५ वर्ष, गणतन्त्र स्थापना भएको लगभग १७ वर्ष र वर्तमान संविधान जारी भएको लगभग एक दशक भएको छ । बहुदलीय व्यवस्था पुनः स्थापनापश्चात् विगतका वर्षहरूमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी) कै नेतृत्वमा सरकारहरू गठन भए । यिनै पार्टीको नेतृत्वमा मुलुकको शासन सत्ता सञ्चालन भए, तर पनि मुलुकले सुशासन र समृद्धिको लक्ष्य हासिल गर्न सकेन । गरिबी, बेरोजगारी, भ्रष्टाचार, जातीय, वर्गीय तथा लैङ्गिक असमानता र विभेदको अन्त्य पनि हुन सकेन । कांग्रेस र कम्युनिष्ट पार्टीको नेतृत्वमा गठन भएका सरकारहरू पूर्णरूपले असफल सिद्ध भएका छन् । नेपाली शासक वर्ग अर्थात् शासक जातिले आफूलाई शासक र जनतालाई रैती अथवा दास सम्झने प्रवृत्तिमा कुनै परिवर्तन आउन सकेन । लोकतन्त्रको स्थान पूँजीतन्त्र, दलतन्त्र, नेतातन्त्र र गुटतन्त्रले लिन थालेपछि मुलुकको अवस्था झन् जटिल, दिशाहीन र अन्योलपूर्ण हुन पुगेको छ । के.पी. शर्मा ओली नेतृत्वको कांग्रेस र एमाले सरकारले नेपालको भू-राजनीतिक अवस्था र छिमेकी मित्र राष्ट्रहरूप्रतिको संवेदनशीलतालाई बुझ्न नसक्नु कुटनीतिक असफलता हो ।

जनताले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा सहज रूपमा प्राप्त गर्न सकेनन् । गुणस्तरीय शिक्षा र रोजगारीको अभाव भएका कारण लाखौं युवा-युवतीहरू शिक्षा र रोजगारीका लागि विदेशिन बाध्य हुनु पर्‍यो । कांग्रेस र कम्युनिष्ट सरकारकै समयमा मुलुकमा महँगी, गरिबी, बेरोजगारी, कुशासन, भ्रष्टाचार, कमिशनतन्त्र, लुटतन्त्र, बिचौलियाको चलखेल व्यापक रूपमा फैलियो । जनतामा सरकार, राजनीतिक दल र नेतृत्वप्रति नै व्यापक असन्तुष्टि र वितृष्णा फैलियो । एनसेल, वाइडबडी, यती काण्ड, बुढीगण्डकी, सुनकाण्ड, भूटानी शरणार्थी ठगी काण्ड, ललिता निवास/बालुवाटार जग्गा काण्ड, गिरीबन्धु चियाबगान जग्गा काण्ड, पतंजली योगपीठ नेपाल जग्गा काण्ड, गुठी जग्गा सम्बन्धी काण्ड, सहकारी ठगी/घोटाला-बचत काण्ड, टेरामक्स (Teramox) काण्ड, न्यू-भिजिट भिसा ठगी काण्ड, ओमनी ग्रुप/कोभिड-१९ खरिद काण्ड, पोखरा र भैरहवा विमानस्थल निर्माणसम्बन्धी काण्डलगायत थुप्रै भ्रष्टाचारका काण्डहरू चर्चामा आए ।



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

मित्र राष्ट्रहरूको सहयोगमा स्थापना गरिएका बाँसबारी छाला जुत्ता कारखाना, हिमाल सिमेन्ट कारखाना, हरिसिद्धि ईट्टा तथा टायल कारखाना, जनकपुर चुरोट कारखाना, कृषि औजार कारखाना, विरगंज चिनी कारखाना, हेटौडा कपडा उद्योग, भृकुटी कागज कारखाना, गोरखकाली टायर कारखाना, बुटवल धागो कारखानालगायत धेरै उद्योग तथा कलकारखानाहरू सञ्चालन गर्न नसकी निजीकरण गरिए र अन्त्यमा सबै कलकारखानाहरू बन्द भए । परिणामस्वरूप दशौंलाख मानिसहरूले रोजगारी गुमाए, अरबौंको राजस्व घट्यो । देशको अर्थतन्त्र लामो समयदेखि व्यापार घाटा, वैदेशिक ऋण, अल्पविकास, बेरोजगारी, परनिर्भरता र असमानताको दुश्चक्रमा जकडियो । यस्तो अवस्थामा युवा पुस्ताले नेपालमा आफ्नो भविष्य सुनिश्चित नहुने महसुस गर्न थालेका छन् ।

३. विगतका केही वर्षहरूमा धेरै मुलुकहरूमा आन्दोलन र परिवर्तन भएका छन् । अमेरिकामा सन् २०१८ मा March for Our Lives (हाम्रो जीवनको लागि मार्च) र पुलिस क्रुरता, जातीय भेदभाव र सामाजिक न्यायका लागि Black Lives Matter Youth Movement, सन् २०१०-२०१२ मा मध्यपूर्व र उत्तर अफ्रिकामा भएको Arab Spring Youth Movements, जसले केही देशमा सरकार परिवर्तन, युवा सहभागिता र सामाजिक सञ्जालको शक्ति प्रकट गरे । सन् २०१९-२० मा हङ्कङ्मा Hong Kong Pro-Democracy Youth Movement, सन् २०१७ मा लैङ्गिक हिंसा र दुर्व्यवहार विरूद्ध Me Too Youth Campaigns, २०१९ मा जलवायु परिवर्तनसम्बन्धी युवाको दवाव आन्दोलन र यहाँसम्म कि सन् २०११ मा ईजिप्टका नयाँ पुस्ताका युवाहरूले विद्रोह नै गरे, जसबाट होस्नी मुवारकको शासन अन्त्य भयो । सन् २०२२ मा श्रीलंकामा भएको युवाहरूको विद्रोहले गर्दा गोताबाया राजापाक्षे (Gotabaya Rajapaksa) लाई राजीनामा नै दिनु पऱ्यो । त्यसैगरी सन् २०२४ मा वंगलादेशमा युवा विद्यार्थीहरूले गरेको आन्दोलनबाट शेख हसिनाको सरकार नै ढल्यो । यी आन्दोलनहरूमा Gaming App Discord, Digital Network र सामाजिक सञ्जालको प्रयोगले युवा पुस्तालाई निकै प्रभावित पारेको देखिन्छ र नेपाली युवा वर्गमा पनि यसको प्रभाव निकै रहेको देखिन्छ ।

के.पी. शर्मा ओली नेतृत्वको सरकारले अन्तर्राष्ट्रिय मिडिया, सामाजिक मिडिया एप्सहरू- फेसबुक, ह्वाट्सएप, इन्स्टाग्राम, एक्स, युटुवलगायत करिब २६ वटा मिडिया प्लेटफर्महरूलाई अवरूद्ध गरेका थिए । जुन कार्य आधुनिक लोकतन्त्र र व्यक्ति स्वतन्त्रताको प्रतिकूल थियो । यसबाट नेपाली जनता खासगरी युवा वर्ग निकै दिकदार र आक्रोशित हुन पुगे । २०८२ साल भाद्र २३ गते सुशासन, असमानता र भ्रष्टाचार नियन्त्रण तथा न्यायका लागि जेनजी (Gen-Z) युवा पुस्ताले के.पी. शर्मा ओली नेतृत्वको सरकारविरूद्ध विद्रोहमा उत्रिए । सरकारले आन्दोलनरत युवाहरूको न्यायोचित माग र मुद्दाहरूलाई सम्बोधन गरी तत्काल समस्या समाधान गर्नुपर्दथ्यो,



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

तर सत्ता र शक्तिको दम्भमा सरकारले दमनकारी नीति लिई राज्यआतङ्क फैलाई विद्रोहमा लागेका युवाहरूमाथि दमन गर्ने कार्य गऱ्यो । दर्जनौं युवाहरूको हत्या र हजारौं युवाहरूलाई घाइते बनाइयो । जसले गर्दा परिस्थिति झन् विग्रन गई २०८२ साल भाद्र २४ गते सम्ममा ठूलो सङ्ख्यामा मुलुकले धन-जनको क्षति बेहोर्नु पऱ्यो । ऐतिहासिक भौतिक संरचनाहरूसमेत ध्वस्त भए । २०८२ साल भाद्र २३ र २४ गतेको आन्दोलनमा लोकतन्त्र, गणतन्त्र, संघीयता विरोधी प्रतिगमनकारी, अराजकतत्व र षड्यन्त्रकारीहरू घुसपैठ गरी विभिन्न राजनीतिक दलका कार्यालयहरू, राष्ट्रपति भवन, सिंहदरबार, संसद भवन, न्यायपालिका, कार्यपालिका भवनहरू, होटल, उद्योग, कलकारखाना, व्यापारिक एवं व्यावसायिक मलहरू, कारागार अथवा बन्दीगृह तोडी अपराधी कैदीहरू भगाउने, सुरक्षा कार्यालय तथा प्रहरी चौकीहरू, सरकारी, सार्वजनिक तथा निजी भवनहरूको तोडफोड, आगजनी र लुटपाट जस्ता विध्वंसात्मक आपराधिक क्रियाकलाप गरी मुलुकमा अपूरणीय क्षति पुऱ्याएको छ । प्रहरी स्रोतका अनुसार देशका विभिन्न भागहरूबाट ठूलो सङ्ख्यामा आधुनिक हातहतियारहरू लुटिएका छन् । यसले नेपालको आन्तरिक सुरक्षासमेत सङ्कटमा पर्न सक्छ । खरबौंको सम्पत्ति नष्ट भएका छन् । हजारौंले रोजीरोटी गुमाएका छन् । सरकार, सेना, प्रहरी र प्रशासनले चाहेको भए मुलुकलाई ठूलो जन-धनको क्षति हुनबाट जोगाउन सक्थ्यो, तर जोगाउने प्रयाससम्म किन गरिएन ? यो रहस्यमय रहेको छ । नेपालीलाई रोजगारी प्रदान गर्दै आएका केही मुलुकहरूले वर्किङ्ग भिसा, टुरिष्ट भिसा, भिजिट भिसा रद्द गरेका छन् । यसको जिम्मेवार के.पी. शर्मा ओली नेतृत्वको सरकार नै हो । मुलुकलाई नै क्षति पुऱ्याउने दोषीहरूको छानवीन गरी कानुनबमोजिम कार्यवाही गरी सरकारले पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्नुपर्दछ ।

४. २०८२ साल भाद्र २३ र २४ गते आन्दोलनका क्रममा भएका हिंसा, हत्या, कुटपीट, तोडफोड, लुटपाट र आगजनीलगायतका घटनाहरूको सम्बन्धमा सत्य-तथ्य पता लगाउन उच्चस्तरीय न्यायिक छानविन गरिनुपर्दछ। छानबीन र अनुसन्धानका प्रतिवेदन तत्काल सार्वजनिक गरी जनतालाई सत्य-तथ्यसम्बन्धी जानकारी गराउने र उक्त घटनामा दोषी ठहर भएका व्यक्तिहरू उपर कानुनी कार्यवाही गरिनुपर्दछ ।
विगतमा भए गरेका सम्पूर्ण भ्रष्टाचारहरू, भ्रष्टाचारसँग सम्बन्धित विभिन्न काण्डहरू उपर छानबीन गरी भ्रष्टाचारीहरूलाई कानुनबमोजिम न्यायालयको कठघरामा ल्याउनुपर्दछ ।

५. जेनजी युवा पुस्ताको आन्दोलनका क्रममा तोडफोड, आगजनीलगायतका कार्यहरूबाट नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने र भौतिक संरचना पुनर्निर्माणको कार्यमा हामीले सहयोग गर्ने/गराउने कार्यमा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ। यसका लागि अगुवा साथीहरूलाई भेला गरी टिम निर्माण गरी पुनर्निर्माणका लागि पहल र प्रयास गर्ने/गराउने ।



जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७ PEOPLE'S SOCIALIST PARTY, NEPAL

६. २०८२ साल भाद्र २३ गते जेनजीका युवा पुस्ताले आन्दोलनका दौरान उठाएका माग र मुद्दाहरू, जसपा, नेपालले पहिलादेखि नै उठाउँदै आएका धेरैजसो माग र मुद्दा मिल्दोजुल्दो नै भएको हुनाले पार्टीले ती माग र मुद्दालाई सम्बोधन गराउन आवश्यक प्रयास गरिरहनुपर्दछ । युवा पुस्ताहरूसँग सहकार्य गर्दै उनीहरूलाई प्रोत्साहन र समावेशीकरण गर्दै अगाडि बढ्नुपर्दछ। आजका युवा नेतृत्व वर्गलाई राजनीतिक रूपले प्रशिक्षित, सिर्जनात्मक र चेतनशील बनाई संगठित गरी नेतृत्वदायी भूमिका खेल्न सहयोग र प्रोत्साहन गरिनुपर्दछ । सोका लागि पार्टीले विशेष कार्यक्रम र कार्यनीति तय गरी कार्यान्वयन गर्नुपर्दछ। पार्टीको नीति, कार्यक्रम, विचार, सिद्धान्त र संगठनसँग युवा पुस्तालाई आबद्ध गर्ने प्रयास निरन्तर जारी राख्नुपर्दछ ।

७. देशको वर्तमान परिस्थितिमा शान्ति, सुरक्षा, सामाजिक सहिष्णुता र सद्भाव तथा अमन-चयन र कानुनी व्यवस्थाको स्थापना गरिनुपर्दछ। के.पी. शर्मा ओली नेतृत्वको सरकार पतन भइसकेको छ । संविधानको व्यवस्थाबमोजिम नभई मुलुकको विषम् परिस्थितिमा आवश्यकताको सिद्धान्त (Doctrine of Necessity) का आधारमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिएको छ । वहाँको नेतृत्वमा मन्त्रिपरिषद्समेत गठन भइसकेको छ । आन्दोलनकारीहरूको मागबमोजिम तत्काल आन्दोलनको सहज अवतरण भएको छ। तर पनि भ्रष्टाचारमाथि नियन्त्रण, भ्रष्टाचारसम्बन्धी विभिन्न काण्डहरूको छानबीन र अनुसन्धान तथा कानुनी कारबाही र सुशासनको प्रत्याभूति हुने कार्यहरू अझसम्म पनि हुन सकेको छैन । युवा पुस्ताले गरेको विद्रोहको उपलब्धि केवल सरकार परिवर्तन र वि.सं. २०८४ मा हुने संसदीय निर्वाचन २०८२ सालमा हुनेमा मात्र सीमित रहने हो की ? भन्ने आशंका र दुविधा उत्पन्न भएको छ। संविधान संशोधन अथवा पुनर्लेखन, निर्वाचन प्रणाली र शासकीय स्वरूपमा परिवर्तन, समानुपातिक समावेशीकरण तथा पहिचान जस्ता महत्वपूर्ण राजनीतिक मुद्दाहरू ओझेलमा परेका छन् । **'क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी पार्टी र दूरदर्शी क्रान्तिकारी नेतृत्वको अभावमा कुनै क्रान्ति सम्भव हुन्न'** भन्ने तथ्यको पुष्टि भएको छ ।

क्रान्तिकारी परिवर्तन भनेको केवल सत्ताको हस्तान्तरण मात्र होइन, बरू सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक जीवनमा आमूल रूपान्तरण हो । यो एउटा सतत् प्रक्रिया हो जसका लागि दूरदृष्टि, समर्पण, सङ्घर्ष र सबै भन्दा महत्वपूर्ण, जनताको सक्रिय र सचेतन सहभागिता आवश्यक हुन्छ । क्रान्तिकारी परिवर्तन र सामाजिक-आर्थिक रूपान्तरणका लागि स्पष्ट दुर्दर्शिता, अटल साहस र दृढ सङ्कल्प, उच्च नैतिकता र ईमान्दारी, विश्लेषणात्मक सोच, अनुशासन र आत्मसंयम, निश्वार्थ सेवा र त्यागका साथै सङ्गठनात्मक क्षमता भएका दरिलो नेतृत्व तथा क्रान्तिकारी विचार र राजनीतिक पार्टी चाहिन्छ ।

वर्तमान सरकारले संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता, नागरिक स्वतन्त्रता, मौलिक हक, सामाजिक न्यायलगायतका उपलब्धिहरूको रक्षा गर्दै संविधान र

संविधानवादको सिद्धान्त, संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गर्दै नेपाली जनता र नयाँ पुस्ताको भावना र आकाङ्क्षालाई ध्यानमा राखेर मुलुकमा रहेको अराजकता, भ्रष्टाचार, गरिबी, बेरोजगारी, अव्यवस्था, कुशासन जस्ता विकृतिहरूलाई अन्त्य गरी सुशासन कायम गरी निर्धारित समय अर्थात् २०८२ साल फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न गर्नुपर्दछ । निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउने वातावरण बनाउनुपर्दछ। सोको लागि शान्ति सुरक्षाको प्रत्याभूति र भयमुक्त वातावरणको सिर्जना, मतदानको स्वतन्त्रता, पारदर्शी प्रक्रिया, निष्पक्ष निर्वाचन आयोग, स्वतन्त्र प्रेस र सूचना प्रवाहको व्यवस्था, कानुनी सुरक्षा र राजनीतिक दलहरूबीच निष्पक्ष प्रतिष्पर्धा हुने वातावरणको निर्माण सरकारले गर्नुपर्दछ । यस कार्यका लागि सरकारले राजनीतिक दलहरूसँग राजनीतिक संवाद र छलफल निरन्तर रूपमा गरिरहनु पर्दछ ।

प्रतिनिधि सभाको निर्वाचनका लागि विश्वव्यापी लोकतान्त्रिक मूल्य र मान्यताअनुरूप समान जनसङ्ख्याका आधारमा प्रतिनिधित्वको व्यवस्था गर्न निर्वाचन क्षेत्रको पुन: निर्धारण गर्नुका साथै महिला र दलित समुदायका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्दछ । यसरी समान जनसङ्ख्याको आधारमा संसदीय निर्वाचन क्षेत्र निर्धारण गर्दा भौगोलिक रूपले अत्यन्त विकट रहेको पहाडी तथा हिमाली भू-भागका जनताको न्यायोचित प्रतिनिधित्वसमेत सुनिश्चित हुने गरी गरिनुपर्दछ । त्यसैगरी आर्थिक, सामाजिक र राजनीतिक रूपले बहिष्करणमा पारिएका वा परेका सिमान्तकृत समुदायहरू- मधेशी, आदिवासी जनजाति, थारू, दलित, पिछडावर्ग, महिला, मुस्लिमलगायत अल्पसङ्ख्यक समुदायहरूको लागि स्रोत साधनमा पहुँच, सत्ता र शक्तिमा समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको प्रत्याभूति गराइनुपर्दछ ।

८. मुलुकको वर्तमान संविधानलाई संशोधन, परिमार्जन तथा पुनर्लेखन नगरी, राजनीतिक प्रणालीमा क्रान्तिकारी परिवर्तन र रूपान्तरण नै नगरी केवल झूठ्ठा आश्वासनको भरमा जेनजीले उठाएका माग र मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने अवस्था नै छैन । जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र समानुपातिक समावेशी संसद, समानुपातिक निर्वाचन प्रणाली, न्याय प्रणाली, संवैधानिक अङ्गहरू, प्रादेशिक संरचना, पहिचान, समावेशिता र सामाजिक न्यायसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न संविधान संशोधन वा पुनर्लेखन अवश्य गरिनुपर्दछ । त्यसको लागि प्रतिनिधि सभालाई कायमै राखिनु पर्दथ्यो । प्रतिनिधि सभाको विघटन पनि संविधान अनुकूल गरिएको देखिँदैन । यथास्थितिमा गरिने संसदीय निर्वाचनले परिवर्तनकारी शक्तिहरूले उठाउँदै आएका मुद्दाहरू पूर्णरूपले हल हुन सक्दैन तर पनि नयाँ प्रतिनिधि सभाले स्थान ओगट्नेछ र मुलुक पुन: यथास्थितिमा फर्किनेछ । प्रतिगमनकारी शक्तिहरू परास्त हुनेछन् ।

९. देशलाई समृद्ध बनाउनका लागि वर्तमान आर्थिक एवं राजनीतिक चुनौतीहरूको समाधान गरिनुपर्दछ । जसका लागि राजनीतिक स्थायित्व कायम गर्न लोकतान्त्रिक



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

दलहरूबीच संवाद, आपसी सहकार्य, सहमति र दीर्घकालीन राष्ट्रिय नीति निर्माण गर्नु पर्दछ । सुशासन, भ्रष्टाचार नियन्त्रण र पारदर्शिताको प्रत्याभूति गराईनुपर्दछ । शिक्षा र स्वास्थ्य सेवामा भइरहेको माफियाकरण र व्यापारीकणको अन्त्य । संविधानको प्रभावकारी कार्यान्वन गर्न संघीयता, समावेशिता, सामाजिक न्याय, जातीय, लैङ्गिक र सामाजिक असमानता र विभेदको अन्त्य गरी मौलिक हकहरूलाई व्यवहारमा लागू गर्न आवश्यक ठोस कदम चाल्नु, संघीयतालाई सुदृढ गर्न-संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार स्पष्ट हुने गरी संवैधानिक एवं कानुनी प्रावधान तथा राज्यशक्ति, स्रोत र साधानको न्यायोचित वितरण, आर्थिक सुधार र रोजगारी सिर्जना गर्न उत्पादनमूखि अर्थतन्त्रको विकास गर्ने, लगानी मैत्री वातावरणको सिर्जना र सुधार, युवाहरूलाई स्वदेशमै रोजगारीको अवसरको सिर्जना, आर्थिक विकासलाई प्राथमिकता, राजनीतिक स्थिरता, व्यावसायिक एवं गुणस्तरीय शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानीको वृद्धि, उद्योग, व्यापार र कृषि क्षेत्रमा नवप्रवर्तन (नवीनता) र प्रविधिको प्रयोग, किसानलाई सस्तो ऋण, विऊ, मल र सिँचाईको सुविधा, आधुनिक कृषि प्रविधिको प्रयोग, कृषि बजारको व्यवस्था, उद्यमशिलता र साना उद्योगलाई प्रोत्साहन, समान अवसर र समावेशी विकासको सुनिश्चितता, लैङ्गिक समानता र सामाजिक न्यायमा प्रवर्द्धन, सडक, ऊर्जा, सूचना प्रविधिलगायत पूर्वाधार विकासमा जोड, राष्ट्रिय हितलाई प्राथमिकता दिँदै छिमेकी र अन्तर्राष्ट्रिय समुदायसँग सौहार्दपूर्ण सम्बन्ध कायम गर्न विदेश नीतिमा सन्तुलन आदि समस्याहरूलाई हल गरिनुपर्दछ । यसैगरी सन्तुलित र स्वाभिमानी बैदेशिक सम्बन्ध कायम गरी व्यापारिक साझेदारी र प्रविधि हस्तान्तरणलाई विशेष प्राथमिकता दिनुपर्दछ ।

१०. नेपालको वर्तमान संविधानप्रति शुरूदेखि नै जनता समाजवादी पार्टी, नेपालको गम्भीर विमति र असन्तुष्टि रहँदै आएको भएतापनि सार्वभौमसत्तासम्पन्न जनताको जननिर्वाचित प्रतिनिधि संस्था संघीय व्यवस्थापिका संसद् नै भएको हुँदा **संसद् र संविधान,** समस्याहरूको समाधान गर्ने थलो हुने हुँदा असंवैधानिक बाटो, अतिवादी गैर-लोकतान्त्रिक चिन्तन, राजनीतिक अभ्यास र विचार तथा लोकतान्त्रिक गणतन्त्र विरोधी, संघीयता विरोधी, प्रतिगमनकारी षड्यन्त्र र चलखेल तथा क्रियाकलापबाट सतर्क र सजग रहनुपर्दछ। वर्तमान संविधानको महत्वपूर्ण पक्ष- **नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतमा निहीत रहेको छ** । तसर्थ जनतमा निहीत रहेको सार्वभौमसत्ता र राजकीय सत्ता तथा संविधानको प्रतिकूल हुने गरी गरिएका कार्यहरू जनता समाजवादी पार्टी, नेपाललाई स्वीकार्य हुने छैन, हुन पनि सक्दैन ।

११. २०६२/०६३ सालमा जनआन्दोलनको समयमा भएका घटनाहरूको सम्बन्धमा अनुसन्धान तथा छानबीन गर्न माननीय न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठन गरिएको आयोगको प्रतिवेदन, २०६३/०६४ सालमा भएको मधेश जनविद्रोह तथा आन्दोलनका क्रममा भएका घटनासम्बन्धी तत्कालीन सर्वोच्च अदालतका न्यायाधीश माननीय खिलराज रेग्मीको अध्यक्षतामा २०६४ सालमा गठन गरिएको उच्चस्तरीय



जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७ PEOPLE'S SOCIALIST PARTY, NEPAL

न्यायिक छानबीन आयोगको प्रतिवेदन, तात्कालीन सर्वोच्च अदालतका न्यायाधीश गरिशचन्द्र लालको अध्यक्षतामा गठन गरिएको मधेश तथा थरूहट आन्दोलनमा भएका घटनासम्बन्धी छानबीन आयोग लगायतका न्यायिक तथा छानबीन आयोगका सम्पूर्ण प्रतिवेदनहरू सरकारले सार्वजनिक गरोस् भनि माग गरिन्छ ।

१२. विगतमा भए गरिएका जनआन्दोलन, जनसङ्घर्ष, सशस्त्र विद्रोह, आदिवासी जनजाति, थारू आन्दोलन, ऐतिहासिक मधेश जनविद्रोहले नेपालको राजनीतिक र सामाजिक परिप्रेक्ष्यमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छन् - मूलत: संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानता र समावेशिता, मौलिक हक, समानतामा आधारित नागरिकता, समावेशी लोकतन्त्र, महिला सशक्तिकरण, स्वतन्त्र न्यायपालिका, सामाजिक न्यायको हक आदि । यी उपलब्धिहरूलाई नै धरापमा पार्ने र संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षतालाई अन्त्य गरी मुलुकमा फेरि राजतन्त्र वा अन्य गैर-लोकतान्त्रिक व्यवस्था पुन: स्थापना गर्न लोकतन्त्र विरोधी, गणतन्त्र विरोधी, संघीयता विरोधी शक्तिहरू प्रयासरत रहेका छन् । तसर्थ जनताको संघर्ष, त्याग र बलिदानबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै विगतमा भए गरेका वा रहेका त्रुटि तथा कमीकमजोरीहरूको पहिचान गरी सुधार गर्दै जानुपर्दछ । लोकतन्त्र विरोधी, प्रतिगमकारी शक्तिहरूलाई परास्त गरी समावेशी लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै थप उपलब्धिहरू प्राप्तिका लागि संघर्षरत रहनु नै हाम्रो पार्टीको ऐतिहासिक दायित्व हो । लोकतन्त्र, समानता, सुशासन, सामाजिक न्याय र समाजवादको लक्ष्य प्राप्तिका लागि नै हाम्रो सङ्घर्षको कार्यदिशा हुनुपर्दछ ।

**१३. पार्टीको सङ्गठनात्मक कार्ययोजना**

वर्तमान परिस्थितिमा हाम्रो पार्टीले **संगठन, सङ्घर्ष, प्रशिक्षण** र **निर्वाचनलाई** प्राथमिकतामा राखेर कार्य गर्नुपर्दछ ।

(क) **सङ्गठन:** प्रदेश अधिवेशनहरू र राष्ट्रिय समितिहरूका बाँकी कार्यहरू सम्पन्न गर्ने, संसदीय निर्वाचन क्षेत्र समन्वय समिति, बुथ समिति गठन गरी परिचालन गर्ने । गठन गर्न बाँकी रहेका गाउँ/वडा, टोल समितिहरू गठन गर्ने । प्रत्येक बुथस्तरमा स्वयंसेवक तयार गरी प्रशिक्षण दिने र परिचालन गर्ने । आगामी निर्वाचनलाई ध्यानमा राखेर प्रदेश समिति र जिल्ला समितिहरूले जनपरिचालन र आधारभूत संगठन निर्माण अभियान सञ्चालन गर्ने । पार्टी प्रवेशका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्ने । पार्टी सँग आबद्ध रहेका जनवर्गीय, पेसागत तथा भ्रातृ संगठनहरूको आवश्यकताअनुसार गठन र परिचालन गर्ने । विभिन्न पार्टीहरू परित्याग गरी हाम्रो पार्टीमा प्रवेश गरेका पार्टी सदस्यहरूको अनुभव, योग्यता, क्षमता र योगदानका आधारमा तत्कालै उपयुक्त हुने तहको पार्टी संगठनमा संगठित गर्ने ।



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

(ख) **सङ्घर्षः** हाम्रो पार्टीले उठाउँदै आएका मुख्य माग र मुद्दाहरू निम्नानुसार छन्- १. संविधान संशोधन २. जनताद्वा निर्वाचित कार्यकारी राष्ट्रपतिय प्रणालीको व्यवस्था ३. समान जनसङ्ख्याका आधारमा प्रतिनिधित्व हुने व्यवस्था ४. राष्ट्रिय/जातीय पहिचान र सामर्थ्यमा आधारित राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको सुझाव प्रतिवेदन-२०६८ को आधारमा (१०+१) राज्यको पुनर्संरचना ५. प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभा निर्वाचनका लागि दलित र महिलाको न्यायोचित प्रतिनिधित्व गराउन छुट्टा-छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था ६. समानुपातिक निर्वाचन प्रणाली र स्थानीय तहलाई प्रदेश मातहत रहने व्यवस्था गर्न ७. सुकुमवासी, किसान र मजदूरहरूको समस्याको समाधान ८. भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति ९. बहुभाषिक नीतिको कार्यान्वयन १०. सबैका लागि समान र गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा र आवासको दायित्व राज्यले नै लिने व्यवस्था गर्न ११. महङ्गी नियन्त्रण १२. राष्ट्रिय युवा नीति निर्माण र त्यसको कार्यान्वयन १३. प्रदेशहरूलाई स्वायत्त र अधिकार सम्पन्न बनाउनुपर्ने १४. प्रदेशहरूको लागि प्रहरी तथा कर्मचारीहरूको समायोजन गरी प्रदेश प्रहरी, प्रदेश कर्मचारी, प्रदेश कानुनलगायतको व्यवस्था तत्काल गर्न १५. संघ, प्रदेश र स्थानीय तहमा जनसङ्ख्या र मानव विकासको सूचकाङ्क मापदण्डका आधारमा विकाससम्बन्धी बजेट, जनशक्ति र अवसर तथा साधन- स्रोतको न्यायोचित वितरणको व्यवस्था । यसका अतिरिक्त पार्टीले उठाउँदै आएका मधेशी, आदिवासी जनजाति, थारू, खस, दलित, पिछडावर्ग, महिला, मुस्लिम लगायत अन्य अल्पसङ्ख्यक समुदायका मुद्दाहरूलाई जनताको बीचमा लैजाने, जनताका दैनिक जीवनसँग सम्बन्धित् स्थानीय समस्याहरू, भ्रष्टाचार, गरिबी, बेरोजगारी, सामाजिक सुरक्षालगायतका विषयहरू जनताका माँझमा लैजाने । विगतमा पार्टीले सरकार समक्ष पेश गरेको ६७ बूँदे माग र प्रस्तावहरूलाई आन्दोलनको रूपमा जनता समक्ष लिएर जानुपर्दछ । जसपा, नेपालको विचार, नीति तथा कार्यक्रमहरूलाई जन-जनमा स्थापित गर्न, विचार गोष्ठी, कोणसभा, आमसभा, प्रदर्शन आदि कार्यक्रमहरू गर्ने/गराउने । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न सङ्घर्षरत रहनुपर्दछ । यसै गरी जनसङ्घर्ष र आन्दोलनका कार्यक्रमहरू तय गरी निरन्तर सङ्घर्ष जारी राख्नुपर्दछ ।

पार्टीले उठाउँदै आएका माग र मुद्दाहरूका साथै नेपाली समाजमा युगौं देखि कायम रहेको वर्गीय, जातीय/राष्ट्रिय एवं लैङ्गिक असमानता, उत्पीडन र विभेदबाट मुक्तिका साथै समानता, सामाजिक न्याय र आर्थिक न्याय प्राप्तिका लागि शान्तिपूर्ण, अहिंसात्मक जनआन्दोलन, जनसङ्घर्षद्वारा क्रान्तिकारी परिवर्तन र रूपान्तरणका लागि जनचेतना, व्यवस्थित सङ्गठन, क्रान्तिकारी नेतृत्व, विचार र सही समयको संयोजन गर्दै अगाडी बढ्नुपर्दछ ।

३५

(ग) **प्रशिक्षण** : पहिलो चरणमा प्रत्येक प्रदेशहरूमा जिल्ला समितिका पदाधिकारीहरू, प्रदेश समितिका पदाधिकारीहरू, राष्ट्रिय समितिका पदाधिकारीहरूलाई संयुक्त रूपमा २ वा ३ दिने प्रशिक्षण कार्यक्रम आयोजना गर्ने । दोस्रो चरणमा प्रत्येक जिल्लाहरूमा पालिकाका पदाधिकारीहरूलगायतका लागि संयुक्त रूपमा प्रशिक्षण कार्यक्रमहरू आयोजना गर्ने । प्रशिक्षणका अन्य विषयका साथै निर्वाचनसम्बन्धी विशेष प्रशिक्षणको आयोजना गर्ने । भ्रातृ संगठनहरूको लागि छुट्टै प्रशिक्षणको व्यवस्था प्रशिक्षण विभागले गर्ने । पार्टीको विभिन्न तहमा प्रशिक्षणसम्बन्धी कार्यक्रमहरू निरन्तर जारी राख्नुपर्दछ ।

(घ) **निर्वाचन:** निर्वाचन केन्द्रित कार्यहरूलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ । उम्मेदवारको चयन, चुनाव प्रचार-प्रसार, आर्थिक व्यवस्थापन, स्वयंसेवक परिचालन, चुनावी प्रशिक्षण, मतदाता सचेतन कार्यक्रम, मतदाता सूचीमा नाम दर्तालगायत चुनावसँग सम्बन्धित कार्यक्रमहरू प्रदेश समिति, राष्ट्रिय समितिहरू, जिल्ला समिति, पालिका समितिहरू र सो मातहतका समितिहरूले कार्यक्रम र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । निर्वाचन क्षेत्रस्तरीय तथ्याङ्क संकलन, विभिन्न पार्टीहरूको स्थितिको विश्लेषण गरी निरन्तर रिपोटिङ गर्ने । हाम्रो पार्टीको उम्मेदवारहरू जित्नसक्ने सम्भावना रहेको क्षेत्रहरूमा बढी ध्यान दिने, शक्ति परिचालन गर्ने र जिताउने ।

१४. **संसदीय वोर्ड गठन सम्बन्धमा** : पार्टीको विधानको धारा ९५ को उपधारा (१) मा भएको व्यवस्थाबमोजिम प्रतिनिधि सभाको निर्वाचनसम्बन्धी आवश्यक कार्य गर्न विधानको धारा ९६ अनुसार काम, कर्तव्य र अधिकार रहने गरी संघीय संसदीय बोर्ड गठन गर्ने निर्णय गरियो । जसमा,

१. केन्द्रीय समितिका अध्यक्ष - उपेन्द्र यादव
२. सहअध्यक्ष - रकम चेम्जोङ
३. महासचिव - लालबाबु राउत र रामकुमार शर्मा
४. प्रदेश समितिका अध्यक्षहरू - पदेन सदस्य
५. केन्द्रीय सदस्यहरू मध्येबाट ९ जनासम्म बोर्ड सदस्यहरू रहनेछन् । जसमा,
    १. प्रदेश नं. १ - कुन्ता राई र खेमनारायण यादव
    २. मधेश प्रदेश - शैलेश कुमार चौधरी र प्रमिला यादव
    ३. लुम्बिनी प्रदेश - कैलाश गुरूङ
    ४. सुदुरपश्चिम प्रदेश - रामबहादुर जाग्री
    ५. गण्डकी प्रदेश - मनबहादुर गुरूङ
    ६. कर्णाली प्रदेश - लिला सिजापती
    ७. बागमती प्रदेश - सन्तोष सिलवाल



जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७ PEOPLE'S SOCIALIST PARTY, NEPAL

**१५. पार्टी एकता, मोर्चा र चुनावी तालमेल सम्बन्धमा**

(क) समान विचार, सिद्धान्त र मुद्दा मिल्ने राजनीतिक दलहरूसँग पार्टी एकता गर्न प्रयास गर्ने ।

(ख) विचार, सिद्धान्त नमिल्ने तर राजनीतिक मुद्दाहरू मिल्ने राजनीतिक दलहरूसँग संयुक्त मोर्चा, कार्यगत एकता वा सहकार्य गर्ने ।

(ग) यसका अतिरिक्त अवस्था हेरी अन्य दलहरूसँग सीटको पनि तालमेल गर्न सकिनेछ ।

**१६. संघीय लोकतान्त्रिक मोर्चालाई अझ बढी क्रियाशील, प्रभावकारी र सवल बनाउने**
संघीयता, समानता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र सामाजिक न्यायका विरूद्ध रहेका प्रतिगमनकारी शक्तिलाई परास्त गर्न समय र परिस्थितिअनुसार अन्य दल वा मोर्चासँग पनि सहकार्य गर्न सकिनेछ ।

**१७. केन्द्रीय पदाधिकारी र कार्यकारिणी समितिमा थप सदस्यहरू चयन गर्ने सम्बन्धमा**
थप हुने,

१ उपाध्यक्ष - १ जना

२ महासचिव - १ जना

३ कार्यकारिणी सदस्यहरूमा - ७ जना (मधेशी दलित -१, महिला-२, मुस्लिम-१, खुला-३ जना) थप गर्ने र आगामी बस्ने केन्द्रीय समितिको बैठकबाट उपरोक्त पदहरूमा निर्वाचनद्वारा चयन गरी पदपूर्ती गर्ने निर्णय गरियो ।

**१८. केन्द्रीय निर्वाचन आयोग पदपूर्ति सम्बन्धमा**
केन्द्रीय निर्वाचन आयोग ३ सदस्य रहेकोमा मधेश प्रदेशको प्रदेश समितिको निर्वाचन निष्पक्ष र लोकतान्त्रिक नभएको, अनावश्यक हस्तक्षेप गरेको भनी आफ्नो पदबाट राजीनामा दिएको वक्तव्य सार्वजनिक गर्दै राजीनामा दिएको हुँदा आयोगमा हाल २ जना मात्र रहेकोले उक्त आयोगलाई कार्य सम्पदान गर्न कठिनाई रहेको हुँदा विधानको धारा ३९ (३) अनुसार रिक्त पदपूर्ति गरी कार्य सम्पादन गर्ने ।

**१९. मधेश प्रदेश सरकार सम्बन्धमा** : मधेश प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री सतीश कुमार सिंहले आफ्नो पदबाट राजीनामा दिएपछि नयाँ सरकार गठन गर्न आवश्यक रहेको अवस्थामा लोसपा, नेपालका नेता माननीय जितेन्द्र सोनलको नेतृत्वमा जसपा, नेपालको समेत साथ, सहयोग र समर्थनमा मधेश प्रदेश सरकार गठन भएको छ । जितेन्द्र सोनलको नेतृत्वमा गठन भएको सरकारलाई हाम्रो पार्टीको साथ, सहयोग र समर्थन रहेनेछ ।

**२०. सर्लाही जिल्लाको समस्या सम्बन्धमा** : "मिति २०८२ साल भाद्र १९ र २० गते जनता समाजवादी पार्टी, नेपाल सर्लाही जिल्लाको एकताको प्रथम जिल्ला अधिवेशन हुने क्रममा भाद्र २२ गते निर्वाचन कार्यतालिकाबमोजिम निर्वाचन प्रक्रिया अगाडि बढिरहेको अवस्थामा जानकी पार्टी प्यालेस मलङ्गवामा दिनको करिब २ बजेतिर अचानक पार्टीका केही जिम्मेवार व्यक्तिहरूद्वारा निर्वाचन प्रक्रिया भाड्ने, विथोल्ने,



जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७

निर्वाचन अध्यक्ष मण्डलका संयोजकलगायतका केही सदस्यहरू तथा निर्वाचन अधिकृतलाई समेत अभद्र व्यवहार, गाली, बेइजती, तथा कुटपीट गरी नगदसमेत लुटी लगिएको" भनी नवनिर्वाचित जिल्ला अध्यक्ष लगायतहरूद्वारा लिखित प्रतिवेदन केन्द्रीय कार्यालयमा पर्न आएकोले सो सम्बन्धमा उक्त घटनाको सत्य-तथ्य छानवीन गर्न तथा घटनामा संलग्नहरूमाथि आवश्यक कार्यवाही प्रक्रिया अघि बढाउन मिति २०८२ साल असोज ५ गते बसेको केन्द्रीय कार्यकारिणी समितिले निर्णय गरी पार्टीको केन्द्रीय संगठन विभागलाई जिम्मेवारी दिने निर्णय गरियो । उक्त निर्णयको कार्यान्वयन अझसम्म पनि संगठन विभागले नगरेको हुँदा सोको कार्यान्वयन यथाशीघ्र गर्न सोही विभागलाई निर्देशन दिने ।

२१. **परिसङ्घ सम्बन्धमा**

स्वतन्त्रता, समानता, सामाजिक न्याय र समाजवादको लक्ष्य प्राप्ति गर्न युगौंदेखि अन्याय, असमानता, शोषण, उत्पीडन र विभेदमा पारिएका उत्पीडित वर्ग, लिङ्ग, जात/जाति तथा राष्ट्रियताहरूको मुक्ति तथा वहिष्करणमा पारिएका वा परेका सीमान्तकृत समुदायहरूलाई सामाजिक-आर्थिक र राजनीतिक न्यायका लागि सङ्घर्ष गर्न गठन गरिएका दलित, पीछडावर्ग, थारू, आदिवासी र अल्पसङ्ख्यक परिसङ्घ (Confederation of Dalit, OBC, Tharu, Indigenous Nationalities and Minorities, **(DOTIM Parisangh)** लाई आन्दोलनको रूपमा अभियान चलाउनुपर्दछ । स्थानीय तह, जिल्ला र प्रदेश तहमा सङ्गठन निर्माण र बिस्तार गर्न, प्रचार-प्रसार गर्न, कार्यक्रमहरू गर्ने कार्यमा सबै तहका पार्टी समितिहरू क्रियाशील भई उक्त अभियानलाई सफल पार्नुपर्दछ ।

२२. **पार्टी शुद्धिकरण, सुदृढीकरण र अनुशासन सम्बन्धमा** : जनता समाजवादी पार्टी, नेपाललाई एउटा सशक्त क्रान्तिकारी समाजवादी शक्तिको रूपमा रूपान्तरण गर्दै लैजानुपर्दछ । जसले मुलुकमा संघीयता, सुशासन, समानता, स्वतन्त्रता, लोकतन्त्र, सामाजिक न्याय, समृद्धि र समाजवादको लक्ष्य हासिल गर्न सकोस् । उत्पीडित वर्ग, उत्पीडित जात, जाति, उत्पीडित समुदाय अर्थात् उत्पीडित र उपेक्षित राष्ट्रियताहरूको हक, अधिकार र न्याय प्राप्तिका लागि सङ्घर्ष गर्न सक्षम् होस् । सशक्त क्रान्तिकारी र शक्तिशाली पार्टी संगठन निर्माण गर्न दह्रो पार्टी अनुशासनको पालना हुनैपर्दछ । पार्टीलाई विधान, विधि र प्रक्रियाबमोजिम संचालन गर्नुपर्दछ । विगतमा हाम्रो पार्टीविरूद्ध आन्तरिक र वाह्य दुबै तर्फबाट व्यापक षड्यन्त्र, चलखेल, आक्रमण गरी विखण्डनसमेत गराएका छन्, भएका छन् । यसको पनि अध्ययन, अनुसन्धान र विश्लेषण गर्नु पर्ने नै छ । विगतको घटनाक्रमलाई मूल्याङ्कन गरी भविष्यमा हुनसक्ने घुसपैठ तथा षड्यन्त्र, चलखेल र दुर्घटनाबाट पार्टीलाई जोगाउन पार्टीका सम्पूर्ण सदस्यहरू सचेत र चनाखो रहनुपर्दछ । रोगको निदान समयमै गर्नुपर्दछ । पार्टीको नीति, सिद्धान्त, निर्णय र विधान तथा कार्यपद्धति विपरीत कार्य गर्ने, पार्टी एकतालाई



जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

कमजोर पार्ने र पार्टीभित्र गुटबन्दी सिर्जना गर्ने, पार्टी र नेतृत्वविरूद्ध भ्रम सिर्जना गर्ने, सामाजिक संजालहरू फेसबुक, ट्वीटर, इन्स्टाग्राम आदिलाई प्रयोग गरी पार्टी र पार्टीका नेताहरूविरूद्ध नकारात्मक प्रचार गर्ने, पार्टी अनुशासन उल्लङ्घन गरी हिड्ने, आफूलाई पार्टीले दिएको दायित्व र जिम्मेवारी पूरा नगर्ने, तर आफूले पाएको जिम्मेवारी वा आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई अर्काको कार्यक्षेत्र वा क्षेत्राधिकारमाथि हस्तक्षेप गरी पार्टी संगठनभित्र गूट,उपगूट खडा गरी एक-अर्कालाई आपसमा लडाउने- भिडाउने कार्य गरी आन्तरिक द्वन्द्व सिर्जना गरेर पार्टीलाई नोक्सान पुऱ्याउने जस्ता कार्यहरू पार्टी विधान, नीति, सिद्धान्त र कार्यपद्धति विपरीत कार्यहरू हुन् । पार्टीविरूद्ध रहेका व्यक्ति वा शक्तिसँग साँठगाँठ गरी पार्टीलाई कमजोर पार्ने, पार्टीविरूद्ध षड्यन्त्र गर्ने, व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि मात्र कार्य गर्ने, पार्टीभित्र अनावश्यक द्वन्द्व सिर्जना गर्ने जस्ता गैर-राजनीतिक चरित्र र प्रवृत्तिबाट पार्टीलाई जोगाउँदै पार्टीको क्रान्तिकारी सिद्धान्त एवं कार्यपद्धति र संगठनात्मक शक्तिलाई रक्षा गर्दै असामाजिक प्रवृत्ति, चरित्र र क्रियाकलाप तथा पार्टीलाई कुनै प्रकारले हानी नोक्सानी पुर्‍याउने खालका पार्टीभित्र वा बाहिरका प्रवृत्तिविरूद्ध सदैव चनाखो र सचेत रहनुपर्दछ । यस्ता प्रवृत्ति, चरित्र र क्रियाकलाप गर्ने पार्टीका जुनसुकै तहमा रहेका व्यक्तिहरूको पहिचान गरी मातहतका समितिले पार्टी विधानअनुसार अनुशासनको कार्यवाही गर्नुपर्दछ । पार्टीहित विपरीत क्रियाकलाप गर्ने र पार्टी आचारसंहिता उल्लङ्घन गर्ने जोसुकैलाई पनि पार्टीले कार्यवाही गर्नुपर्दछ ।

२३. जेनजी (Zen-Z) का युवापुस्ताहरूले सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि गरेको आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण व्यक्त गर्दै घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामनासहित शहीद परिवारजनहरूप्रति जसपा, नेपाल समवेदना व्यक्त गर्दछ ।

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

उपेन्द्र यादव
अध्यक्ष